# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)
प्रशासन निर्देशनालय
सामान्य सेवा विभाग
सामान्य प्रशासन महाशाखा
सामान्य प्रशासन शाखा

फोन नं.- ४१५३०२४
४१५३१६७

प.स.२०८०/०८१
च.नं. २२

मिति : २०८०/०४/११

श्री उत्पादन निर्देशनालय, ने.वि.प्रा. ।
श्री प्रशारण निर्देशनालय, ने.वि.प्रा. ।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय, ने.वि.प्रा. ।
श्री इञ्जिनियरिङ्ग सेवा निर्देशनालय, ने.वि.प्रा. ।
श्री अर्थ निर्देशनालय, ने.वि.प्रा. ।
श्री प्रशासन निर्देशनालय, ने.वि.प्रा. ।
श्री योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय, ने.वि.प्रा. ।
श्री आयोजना व्यवस्थापन निर्देशनालय, ने.वि.प्रा. ।
श्री सहायक कम्पनी अनुगमन निर्देशनालय, ने.वि.प्रा.।
श्री कार्यकारी निर्देशकको सचिवालय, ने.वि.प्रा. ।
श्री उर्जा दक्षता तथा चुहावट नियन्त्रण विभाग, ने.वि.प्रा. ।
श्री आन्तरिक लेखा परीक्षण विभाग, ने.वि.प्रा. ।

**विषय : परिपत्र सम्बन्धमा ।**

नेपाल सरकार, राष्ट्रिय सतर्कता केन्द्रको पत्र संख्या २०७९/८०,च.नं. १६०४०१८१७९,मिति २०८०/०३/३१ को पत्र तथा नेपाल विद्युत प्राधिकरण विभागीय कारवाही शाखाको पत्र संख्या २०८०/८१, च.न.२६, मिति २०८०/०४/११ को पत्र यसै साथ संलग्न छ । पत्रमा उल्लेख भए बमोजिम तहाँ कार्यालयमा रहेका सवारी साधनको कुल दरबन्दी(संख्या), सवारी साधन चालू अवस्थामा रहे नरहेको, चालू अवस्थामा नरहेका सवारी साधनको नाममा इन्धन कुपन जारी भए नभएको, गाडी चढ्ने अधिकारी र इन्धन तथा मर्मत खर्च विवरणको फाँटवारी निर्देशनालयगत रुपमा soft copy सहितको एकीकृत विवरण पाँच (५) दिन भित्र नेपाल विद्युत प्राधिकरण सामान्य सेवा विभाग र विभागीय कारबाही शाखामा उपलब्ध गराइ दिनु हुन निर्देशानुसार अनुरोध छ ।

..............................
(ध्रुवराज प्रसाई)
प्रशासकीय अधिकृत

**बोधार्थ/कार्यार्थ :**

श्री सूचना प्रविधि विभाग, ने.वि.प्रा.(ने.वि.प्रा. को Web Site मा राखिदिनु हुन)
श्री सवारी शाखा, ने.वि.प्रा. (प्रधान कार्यालयको विवरण उपलब्ध गराइदिनु हुन)

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

**प्रशासन निर्देशनालय**

**जनसाधन विभाग**

**विभागीय कारवाही शाखा**

नेपाल विद्युत प्राधिकरण
सामान्य सेवा विभाग
दर्ता नं. ९०
०८०/०४/११

**पत्र संख्याः २०८०/८१ (वि.का.शा.)**
**च.नं. :** २६

मिति २०८०/०४/११

श्री सामान्य सेवा विभाग,
ने.वि.प्रा., काठमाडौं ।

विषयः <u>विवरण उपलव्ध गराउने सम्वन्धमा</u> ।

प्रस्तुत विषयमा श्री राष्ट्रिय सतर्कता केन्द्रको (उ.द.नं.२५९४) च.नं.१६०४०१८१७९, मिति २०८०/०३/३१ को पत्रसाथ प्राप्त उजुरीको प्रतिलिपि यसैसाथ संलग्न छ। पत्रमा उल्लेख भए बमोजिम प्राधिकरणमा रहेका गाडीको कुल दरबन्दी, गाडी चढ्ने अधिकारी लगायतको विवरण माग भइ आएकोले पत्रमा भएको तोकादेश समेतलाई दृष्टिगत गरी सो सम्बन्धी विवरण ५(पाँच) दिन भित्र यस शाखामा उपलब्ध गराईदिनु हुन अनुरोध छ ।

श्री सा.प्र.शा.(के)
परिपत्र गर्नुहुन ।
०८०/४/११.

(कपिल चन्द्र बस्ताकोटी)
प्रमुख

नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

(अन्वेषण तथा अनुगमन शाखा)

४२००३४६, ४२००३४७,
४२००३४९, ४२००३५०,
४२००३५१
अन्वेषण तथा अनुगमन शाखा- ४२००५४८
फ्याक्स:४२००४००
हटलाइन :४२००३४५
इमेल - navic@nvc.gov.np
वेवसाइट -www.nvc.gov.np
सिंहदरवार, काठमाडौं।

मिति २०८०/३/३१

प.सं. ०७९/८०

च.नं. | १ | ६ | ० | ४ | ० | १ | ८ | १ | ७ | ९ |

विभागिय कारवाही शाखा
दर्ता नं. ३१
मिति २०८०/०४/०१

विषय:- विवरण सहितको जवाफ पठाउने ।

श्री नेपाल विद्युत प्राधिकरण,
प्रधान कार्यालय
रत्नपार्क, काठमाण्डौ।

प्रस्तुत विषयमा तहाँ प्राधिकरणमा रहेका सवारी साधनहरु गैर कानूनी रुपमा ओहोदा नपुगेका व्यक्तिहरुलाई समेत उपलव्ध गराइ सवारी साधन र मर्मतको रकम समेत दुरूपयोग भएको साथै विभिन्न स्टापहरुलाई नियम विपरित डिजेल र पेट्रोल समेत उपलव्ध गराइएको भन्ने लगायत व्यहोराको उजुरी केन्द्रमा प्राप्त हुन आएको । सो सम्वन्धमा तहाँ प्राधिकरणमा रहेका गाडीको कुल दरवन्दी, गाडी चढ्ने अधिकारी लगायतको विवरण र इन्धन खर्च र मर्मत खर्चको फाँटवारी ७ दिन भित्र उपलव्ध गराउनुहुन केन्द्र मिति २०८०/३/०६ को निर्णयानुसार अनुरोध छ ।

श्री प्रशासन नि.
आ.प्र.

(बुद्धिराम खनाल)
प्रहरी नायव उपरीक्षक

श्री उपसचिव / श्री सं.वै.वि
सबै निर्देशनालय र अन्तर्गतका कार्यालय आयोजनामा भएका गाडी, कुन अवस्था, कस्तो छ प्रयोगकर्ता ... प्रयोग गरेको, चालु अवस्था ... सवारी साधनको नाममा ... Issue गरेको ... सहित ...

श्री कुसुम
सामान्य सेवा विभागसँग समन्वय गरी उक्त विवरण पठाउनुहुन आदेश
२०८०/०४/०२